# संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी)

नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (NCCSP)

## लघु पुंजी अनुदान सञ्चालन सम्वन्धि कार्य विवरण (Terms of Reference / TOR)

समुदायमा आधारित संस्थाहरु मार्फत लघु पुँजीगत अनुदान (MCG) परिचालन तथा कार्यान्वयन प्रक्रिया

**परियोजनाको नामः** बुढागडा - चाहाखाल बायोइन्जिनियरिङ्ग
**परियोजना स्थलः** सिम्ले गाउँ, कमलबजार नगरपालिका, वडा नं १, अछाम
**समयावधि :** डिसेम्बर २०१८ देखि मे २०१९ (६ महिना)
**सम्झौताको प्रकृतिः** लघु पुँजीगत अनुदान
**प्रस्तावना बुझाउने अन्तिम मितिः** १० डिसेम्बर, २०१८ (२८ मंसीर, २०७५)

पेश गर्नुपर्नेकागजातहरु

- प्राविधिक प्रस्तावफर्मेट अनुसार
- आर्थिक प्रस्ताव फर्मेट अनुसार
- संस्थाको सामान्य चिनारी(गठन प्रक्रिया, उद्देश्य तथा शुरु देखि हालसम्म सम्पन्न गरिएका क्रियाकलापहरुको विवरण)
- दर्ता/नविकरण सम्वन्धित प्रमाणपत्र
- बैक खाताको विवरण
- कार्यसमितिका पदाधिकारीहरुको नामावली
- अध्यक्ष, सचिव तथा कोषाध्यक्षको योग्यता, अनुभवसहितको व्यक्तिगत विवरण(CV)
- सम्बन्धित नगलपालिका तथा गाउँपालिकाको सिफारिस

# लघु पुंजी अनुदान सञ्चालन सम्बन्धि कार्य विवरण (Terms of Reference / TOR)

**पृष्ठभूमि(Background)**

नेपाल सरकारको वन तथा वातावरण मन्त्रालयसंगको समन्वय एवं बेलायत सरकारको अन्तरराष्ट्रिय विकास विभाग (DFID) को आर्थिक सहयोगमा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम(UNDP) को प्राबिधिक सहयोगमा नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (NCCSP) संचालन भइरहेको छ । यस कार्यक्रमले स्थानिय तहको योजना तर्जुमा प्रक्रियामा सहयोग गरी जलवायुमैत्री विकास योजना कार्यान्वयन गर्ने तथा जलवायु परिवर्तन अनुकूलनमा स्थानिय तहको क्षमता विकास गर्ने लक्ष्य लिएको छ । स्थानिय तहको योजना तर्जुमा प्रक्रियामा सहयोग गरी वातावरण संरक्षण तथा जलवायु अनुकूलन सम्बन्धी योजना छनौटमा सहयोग गर्ने, जलवायुमैत्री भौतिक पूर्वाधार निर्माण गर्ने तथा जलवायुमैत्री विकास एवं जलवायु अनुकूलन सम्बन्धी स्थानिय तहका कर्मचारी र निर्बाचित पदाधिकारीहरुको क्षमता विकासका लागि क्रियाकलापहरु संचालन गर्ने काम यस कार्यक्रम अन्तर्गत समावेश गरिरहेको छ ।

बेलायत सरकारको अन्तरराष्ट्रिय विकास विभाग (DFID) को आर्थिक सहयोग एवं संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम(UNDP) को प्राबिधिक सहयागमा कमलबजार नगरपालिकाद्वारा संचालित बुढागडा - चाहाखाल बायोइन्जिनियरिङ्गयोजना अन्तर्गत देहाय बमोजिमका कार्यहरु केन्द्रित रहनेछन :

- जलवायुजन्य जोखिमबाट उत्पन्न समुदायको सङ्कटासन्नता कम गर्ने र विकासका उपलब्धिहरूको दिगोपना सुनिश्चित गर्ने ।
- स्थानिय समुदायको सक्रिय सहभागितामा एकिकृत वातावरणीय दिगोपना एवं जीविकोपार्जन सुधारलाई प्रबर्द्धन गर्ने ।
- जलवायु मैत्री विकास योजना निर्माणको लागि एकिकृत अवधारणाको अभ्यास गर्न संस्थागत तथा सरोकारवालाहरुबीच सहकार्य गर्ने ।

बुढागडा - चाहाखाल बायोइन्जिनियरिङ्ग योजना कमलबजार नगरपालिका वडा नं. १ को सिम्ले गाउँमा पर्दछ । कमलबजार नगरपालिकाको सिम्ले गाउँमा १५ घरधुरी पहिरोको जोखिममा बसिरहेका छन् । यो योजनाबाट १५ घरधुरी र ४०० रोपनी कृषि योग्य जामिन सुरक्षाको घेरामा पर्दछ । यस पहिरोको तल नदी रहेको छ र बेलैमा नियन्त्रण नगरे नदी पनि थुनिने अवस्थामा छ । यस क्षेत्रमा लाभान्वित १५ बाहुन र क्षेत्रीको बसाई रहेको छ । यस समुदायका मानिसहरुको खेतीयोग्य जमिन भासिदै गएको छ । वि. स. २०४० साल देखि निरन्तर आइरहेको पहिरो र जमिन भासिदै गएपछि ४५ घरधुरी कैलाली (घोडाघोडी नगरपालिका) मा बसाइसराई गरेका छन् । त्यसबेला १४ जना मानिसहरु पनि मरेका थिए । प्रत्येक वर्ष जमिन भासिदै जादाँ एकको जग्गा अर्को स्थानियकोमा पर्दै गएको छ । वर्षेनी हुने यो विपद् र जोखिमले गर्दा स्थानिय त्यस ठाँउमा खेती गर्न नै छाडेका छन् ।

यस कार्यक्रम अन्तर्गत विभिन्न क्रियाकलापहरू लघु पुँजीगत अनुदान(Micro Capital Grant/ MCG) को प्रक्रिया मार्फत कार्यान्वयन गरिनेछ । लघु पुँजीगत अनुदान(MCG)समुदायमा आधारित संघसंस्थाहरु तथा गैर सरकारी संस्थाहरु मार्फत निम्न कार्यहरुको लागि परिचालन गरिने छन ।

- समुदायमा आधारित स्थानीय संघ संस्थहरुको संस्थागत क्षमता अभिवृद्धि सम्बन्धिाकलापहरु,
- आयआर्जन तथा गरीबी न्युनिकरण सम्बन्धि समुदायको स्वस्फूर्त प्रयासहरु,
- वातावरण संरक्षण तथा गरीबी न्युनिकरणसंग सम्वन्धित कार्यमा सरिक समुदायमा आधारित स्थानीयसंघ संस्थहरुले सञ्चालन गरेका विभिन्न क्रियाकलापहरु ।

बुढागडा - चाहाखाल बायोइन्जिनियरिङ्ग योजनाको लागि कार्यक्रमसंग सम्वन्धित क्रियाशिल समुदायमा आधारित संस्थाहरूजस्तै, उपभोक्ता समिति, सामुदायिक वन उपभोक्ता समूह, समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन समिति, महिला समूह, कृषि समिति तथा समूहहरुलाई लघु पुँजीगत अनुदान(MCG) प्रदानगर्न सकिनेछ। ती संस्थाहरु वडा पालिका तथा नगरपालिकासंग समन्वय गरी नतिजा प्राप्त गर्नको लागि कार्य गर्ने छन् । उक्त क्रियाकलापहरुमा नियमित प्राविधिक तथा व्यवस्थापकीय सहयोगको लागि युएनडिपी मार्फत प्राविधिक कर्मचारीहरुपरिचालन गरिनेछन् । सो कर्मचारीहरुलेनगरपालिकासंग बसी निरन्तर सहकार्य र सहयोग प्रदान गर्नेछन्। युएनडिपी, नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमको केन्द्रिय तथा क्षेत्रीय कार्यालयबाटनियमित अनुगमन, सुपरिवेक्षण र मार्गदर्शनले गर्दासमुदायकोसहभागिता, जवाफदेहीता रकार्यक्रमकोगुणस्तरमा बृद्धि हुनेछ ।

## १. उद्देश्य र कार्यक्षेत्र **(Objective and Scope)**

यस कार्यको उद्देश्य तटबन्ध निर्माण एवं बृक्षारोपण (बायोइन्जिनियरिङ्ग ) गरी समुदायको जलवायुजन्य जोखिम न्यूनिकरण, वातावरण संरक्षण तथासमुदायको अनुकूलन क्षमता अभिबृद्धिसँगसम्बन्धित सबै क्रियाकलापहरूको कार्यान्वयन गर्नुहो । जुनसेप्टेम्बर२०१४ मा यूएनडीपी नेपालबाट प्रकाशितलघु पुँजीगत अनुदान(गैर-कर्जा) को निर्देशिका अनुरुप अनुदानग्राही र"नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम, यु.एन.डि.पी. बीच भएको द्विपक्षीय सम्झौताअनुसार हुनेछ यस। अन्तर्गत खास गरी निम्न क्रियाकलपहरु सञ्चालन गरिनेछः

१. पहिरो नियन्त्रणको लागि तटबन्ध निर्माण तथा बृक्षारोपण गर्ने ।
२. जलवायु मैत्री विकास योजना निर्माणमा सहयोग पुऱ्याउन समुदायको क्षमता विकास गर्ने ।
३. वातावरण संरक्षणको लागि बायोइन्जिनियरिङ्गतथा साना संरचनागत उपायहरू अपनाउन समुदायहरूलाई सहयोग गर्ने ।

## २. अनुदानग्राहीको जिम्मेवारीहरू **(Responsibilities of MC Grantees)**

अनुदानग्राहीहरुको जिम्मेवारी निम्न अनुसारको हुनेछ ।

- सम्झौता भएका प्रस्तावना तथाक्रियाकलापहरू लघु पुँजीगत अनुदानको प्रक्रियामार्फत कार्यान्वयन गर्ने।
- कार्यान्वयनको अवस्था, सेवाको गुणस्तर, बाह्य पहुँच र वित्तीय कार्यसम्पादनकाअनुदानबारेमा सम्झौता अनुरुप यूएनडीपी/नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमलाई नियमित रुपमा प्रतिवेदन बुझाउने ।
- कार्यान्वयनको अवस्था, सेवाको गुणस्तर, बाह्य पहुँच र कार्यसम्पादनका लक्ष्य रपरिणामहरुका बारेमा यूएनडीपी/नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रममाप्रतिवेदन प्रस्तुतेगर्ने र अनुदान सम्झौतामा उल्लेख गरिएको अन्य कुनै पनि आवश्यकताहरू (जस्तैः प्रगति र वित्तीय प्रतिवेदन) अभिलेखीकरण मर्ने ।
- अनुदानग्राहीहरुले अनुदानको पारदर्शिता र जवाफदेहिताको लागि सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरिक्षण, होर्डिङ्ग बोर्ड राख्ने जस्ता कार्य गर्ने ।

- लघु पूजीँगत अनुदानसँग सम्बन्धित अन्य कुनै पनि विषयका लागियूएनडीपी/नेपाल जलवायु परिवर्तन कार्यक्रममासम्पर्क गर्ने ।

## ३. विस्तृत क्रियाकलापहरू **(Description of Project Activities)**

समुदायको आवश्यकता तथा माग संकलनको आधारमा स्थानिय तहको योजना तर्जुमा प्रक्रियाबाट छनौट भइ आएका र नगरसभाबाट स्वीकत भएका योजनाहरुको सामाजिक तथा प्राबिधिक पूर्वसम्भाव्यता अध्ययन, बिस्तृत प्राबिधिक सर्वेक्षण गरी नगरकार्यपालिकाबाट स्वीकृत यस लघु पूजीँगत अनुदानअर्न्तगत देहायममा उल्लेख भए बमोजिमका क्रियाकलापहरु सञ्चालन गरिनेछन्।

## ३.१. पहिरो नियन्त्रणको लागि तटबन्ध निर्माण तथा बृक्षारोपण(बायोइन्जिनियरिङ्ग)

कमलबजार नगरपालिका वडा नं. १ स्थित सिम्ले गाउँको माथीबाट जमिन भासिदै गर्दा पहिरो गएको छ र त्यस गाउँको १५ घरधुरीलाई प्रतक्ष्य रुपमा जोखिममा रहेको छन् । यस पहिरोको कारण नदी पनि जोखिममा परेको छ, बेलैमा नियन्त्रण नगरे नदी समेत थुनिने सम्भावन प्रवल छ । त्यसैगरि समुदायको ४०० रोपनी खेतीयोग्य जमीन भासिदै गरेको कारणले अहिले उनीहरु उक्त जमिनमा कृषि गर्न छाडिसकेका छन् । वर्षेनी आउने गरेको पहिरोले समुदायहरु नै जोखिममा रहेकाले पहिरो नियन्त्रण गर्ने उद्देश्यले नदी किनारबाट माथी तटबन्ध निर्माण गर्ने कार्य यस कार्यक्रम अन्तर्गत संचालन गरिने छ। साथै योजनाको दिगोपना तथा वातावरण संरक्षणको लागि पहिरो प्रभावित क्षेत्रमा बृक्षारोपण/वायोइन्जिनियरिङ्ग गरिनेछ । योजना निर्माणको क्रममा जलवायु उत्थानशीलता, वातावरण संरक्षणलाई विषेश ध्यान दिइनेछ भने स्थानिय समुदायको सक्रिय सहभागितामा योजना निर्माण गरिनेछ। यीक्रियाकलापहरुबाटमूर्त प्रतिफल प्राप्त गर्नएकिकृत रुपमा कार्यान्वयन गरिने प्रस्तावनालाई प्राथमिकतादिईनेछ ।


## ३.२. बायोइन्जिनियरिङ्ग तथा बृक्षारोपणः

यस क्षेत्रमा पहिरोको जोखिम अत्याधिक रहेको हुनाले योजनाको दिगोपना तथा वातावरण संरक्षणको लागि विभिन्नबायोइन्जिनियरिङ्गका कृयाकलापहरु गरिनेछ ।यसका लागि माटो वग्न नदिने, छिटो हुर्कने जातका विरुवाहरु जस्तै सिमली, अम्रिसो र स्थानिय झार र रुख वृक्षारोपण गरिनेछ ।

## ४. समन्वय र सहकार्य (Coordination and Collaboration)

अनुदान प्राप्त गर्ने संस्थाले स्थानीय निकायहरूसँग सम्पर्क/सम्बन्ध स्थापना गर्नसहजीकरण, समन्वयतथा पैरवीगर्नेछ । कमलबजार नगरपालिका तथा नगरपालिका स्तरीय बिभिन्न सरोकारवाला निकायहरुसंग नियमित रुपमा समन्वय तथा सहकार्य गर्ने छ। यसका अतिरिक्त प्रस्तावितक्रियाकलापहरूको गुणस्तर कायम गर्न र समयमै सम्पन्न भएको सुनिश्चित गर्न अनुदान प्राप्तसंस्थालेगर्ने कमलबजार नगरपालिकामा संयुक्त राष्ट्र संघीय कार्यक्रमद्वारा खटाइएका प्राविधिककर्मचारीहरुकोप्रत्यक्ष मार्गदर्शन र सहजीकरणमा त्रियाकलाप कार्यान्वयन गर्नुपर्नेछ।प्राविधिक प्रस्तावमा त्यस्ता क्रियाकलापहरूको दिगोपनाका लागिविभिन्न क्रियाकलापहरुबिचको अर्न्तसम्वन्ध प्रष्ट हुनु पर्नेछ । यस परियोजनाको सफलता समुदायकोजलवायुजन्य जोखिम न्युनिकरण तथा वातावरण संरक्षणको उपलब्धिमा निर्भर हुनेछ ।

५.	अनुगमन तथा रकमप्रवाह संयन्त्र **(Monitoring and Budget Flow Mechanism)**



६. **रकम भुक्तानी प्रक्रिया (Budget Release Process)**

संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमबाट अनुदानग्राहीहरुलाई द्विपक्षीय सम्झौतामाउल्लेखित (स्वीकृतरकम) कोभुक्तानी कम्तीमातीन किस्तामा गरिनेछ ।सो को लागि अनुदानग्राही संस्थालेदिइएको समयसीमा भित्र प्रस्तावित क्रियाकलापहरू सम्पन्न गरिसकेपछि आवश्यक कागजातहरू सहित रकम भुक्तानीकोलागि निवेदनपेशगर्नुपर्नेछ । किस्ताको बाँडफाँड निम्न बमोजिम हुनेछ ।

- पहिलो किस्ता (कुल रकमको ४०%) दुवै पक्षबाट सम्झौतामा हस्ताक्षरभई विस्तृत कार्य योजना र प्रक्रियासहितको प्रतिवेदन पेश गरेपछि।
- दोस्रो किस्ता (कुल रकमको ४०%) चौमासिक प्रतिवेदन तथा अन्य प्रतिवेदनहरु पेश गरी कम्तीमा ३०% काम सम्पन्न भएको एकिन भएपछि ।
- तेस्रो किस्ता (बाँकी २०%) सबै क्रियाकलापहरू सम्पन्न गरेपछि र गुणस्तरीय अन्तिम प्रतिवेदन यूएनडीपीमा प्रस्तुत र स्वीकृत भए पछि ।

केहीअसहज परिस्थितिका कारण प्रस्तवितक्रियाकलापहरू कार्यान्वयन हुन नसक्ने अवस्थामा वा कार्यान्वयन गरिएका क्रियाकलापहरूको गुणस्तरसहमत भएका शर्तहरूबमोजिम नभएको पुष्टि भएमा अनुदान ग्राहीले भुक्तानी भइसकेको रकमसमेतफिर्ता गर्नुपर्नेछ ।

७. **मूख्यकार्य, प्रतिवेदनतथा समयसीमाहरु** (Key Deliverables and Timeline)

| क्र.सं. | परिणाम/नतिजा | समयावधी | कैफियत |
|---|---|---|---|
| १ | प्रारम्भिक प्रतिवेदन/विस्तृतकार्ययोजना र विभिन्नपक्षहरुको योगदान | सम्झौतामा हस्ताक्षर गरेको २ हप्ता पछिपहिलो किस्ता (४०%) प्रदान गरिनेछ | लाभान्वितहरूको विस्तृत सुची र योजना गरिनो क्रियाकलापका प्रकारहरूसमेत |
| २ | मासिक प्रगति प्रतिवेदन | हरेक महिनाको अन्तिममा | मुख्य प्रगति र योजना उल्लेख गर्ने |
| ३ | मध्यावधिक प्रतिवेदन | ३ महिनाको अवधि पछि दोस्रो किस्ता (४०%) प्रदान गरिनेछ | विस्तृत कार्यक्रमको प्रगति र लाभान्वितहरुको विवरण, सम्पन्नभएका क्रियाकलापहरुको प्रगति समेत |
| ४ | प्रस्तावित क्रियाकलापहरूसम्पन्न भएको बृहत प्रतिवेदन जसमासार्वजनिक सुनुवाई तथासार्वजनिक लेखा परिक्षणकोप्रतिवेदनहरु अनुसुचीकोरुपमा समावेश गरिएको । | सबै क्रियाकलापहरू सम्पन्न भएपछिअन्तिम किस्ता (२०%) प्रदान गरिनेछ | कार्यक्रम सम्पन्न प्रतिवेदन जसमाप्रस्तावित क्रियाकलापहरु, सेवाग्रहीहरु, नतिजा र उपलब्धीको साथै, सार्वजनिकसुनुवाई तथा सार्वजनिक लेखा परिक्षणको प्रतिवेदनहरु अनुसुचीको रुपमा समावेश गरिनेछ |

**नोटः** **रकम निकाशा गर्नु अगाडि यु.एन.डि.पी. द्वारा कार्य, प्रतिवेदनको गुणस्तर तथा समयसीमाको सुनिश्चितता गरिनेछ ।**

## ८. परियोजनाको समयसीमा र परियोजना स्थल (Project Period and Project sites)

प्रस्तावित परियोजनाको समयसीमा डसिम्वर २०१८ देखि मे २०१९ सम्म ६ महिनाको हुनेछ । समुदायमा आधारित संस्थालेप्रस्तावनासंगै, यस अवधारणा पत्रमाउल्लेख भए अनुसारका क्रियाकलापहरू सञ्चालन तथा सम्पन्न गर्ने विस्तृतकार्ययोजना समेतपेशगर्नुपर्नेछ। प्रस्तावित क्रियाकलापहरु उच्चप्राविधिक मापदण्डतथा उल्लेख गरिएकोसमय सीमाभित्र रहेर सम्पन्न गरिनु पर्नेछ । यस अन्तर्गत प्रस्तावित सम्पूर्ण क्रियाकलापहरु अछाम जिल्लाको कमलबजारनगरपालिका वडा नं. १ स्थित चाहाखाल तल नदिको किनारदेखि माथी तिर सञ्चालन गरिनेछ।

## ९. अनुगमन तथा प्रतिवेदन (Monitoring and Reporting)

अनुदान प्राप्त गर्ने संस्थाले नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमको पालिका स्थित कर्मचारीहरुको परामर्शमा काम गर्ने छ । यसको अतिरिक्तसंस्थाले प्राबिधिक कर्मचारीको मार्गनिर्देशन अनुसार कार्ययोजना बनाउनेछ । अनुदानग्राही संस्थाले नियमित रुपमा मासिक, अर्धवार्षिक तथा कार्य सम्पन्नप्रगतिप्रतिवेदनबुझाउनेछ साथैरकम निकाशा भई कार्य प्रारम्भ हुनु अगाडि विभिन्न क्रियाकलापहरु सम्बन्धि जानकारीको लागि सार्वजनिक सुनुवाईर कार्यसम्पन्न भए पश्चात अन्तिम किस्ताको माग गर्नृअघि उपलब्धिहरुको जानकारीको लागि सार्वजनिक समीक्षा विभिन्न सरोकारवालाहरुको सहभागितामा सम्पन्न गरी सो को प्रतिवेदन पेश गर्नेछ । ती प्रतिवेदनहरु परियोजना सम्पन्न प्रतिवेदनमा अनुसुचीको रुपमा समावेश गरिनेछ ।

कार्यान्वयन भएका क्रियाकलापहरूको अनुगमन कमलबजार नगरपालिकाको कार्यालय, वडा कार्यालय, नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमका पालिका, क्षेत्रीय तथा केन्दीय तहहरु लगायतयूएनडीप नेपालको अनुगमनतथामुल्यांकन इकाईबाट गरिनेछ । अनुदान प्राप्त गर्ने संस्थाले प्रस्तावित क्रियाकलापहरूकोसमयसीमा वा प्राविधिकपक्षमा कुनैफेरबदल नगरिकन सुनिश्चित गर्नेछ । कुनै असहज परिस्थितिको श्रृजना भई कार्य सञ्चालन प्रभावित हुने अवस्थामासंस्थाले त्यस्तो परिस्थितिका बारेमा पूर्वसूचना वाजानाकारी दिनुपर्नेछ । त्यस्तो अवस्थामाद्विपक्षीयसमझदारीमा उपयुक्तनिर्णय लिन सकिनेछ ।

## १०. परियोजना छनौट तथा कार्यान्वयन प्रक्रिया (Project Selection and Implementation Process)

- परियोजना माग सम्बन्धिकार्य विवरण(Terms of Reference/ ToR) तयारी ।
- समुदायमा आधारित संस्था (सम्भावित अनुदानग्राही) हरुलाई विषयवस्तु तथा प्रक्रिया सम्बन्धि अभिमूखीकरण ।
- समुदायमा आधारित संस्थाहरुबाटकार्य विवरण बमोजिमसंक्षिप्त प्राविधिक तथा आर्थिक प्रस्तावना पेश।
- समुदायमा आधारित संस्थाहरुको प्राविधिक तथा संस्थागत क्षमता मूल्यांकन ।
- पेश गएिका प्रस्तावनाहरुको मूल्याँकन, लघु पुँजीगत अनुदान निर्देशिका अनुरुप गरी सो कोनतिजा संक्षिप्त रुपमा लघुपूंजी अनुदान समिति(MCG Committee) मा पेश ।
- लघुपूंजी अनुदान समिति(MCG Committee)द्वारा प्रस्तावनाहरुको मूल्याँकन, अन्तिम छनौट तथा कार्यान्यवन गर्ने निर्णय ।
- अनुदानग्राही तथा संयुक्त राष्ट्र सघीय विकास कार्यक्रम/नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम वीच प्रस्तावित क्रियाकलापहरुको सञ्चालनको लागि द्विपक्षीय सम्झौता ।

- सम्बन्धित सरोकारवालाहरुको संयोजन तथा सहकार्यमा प्रस्तावित क्रियाकलापहरुको कार्यान्यवन, अनुगमन मूल्यांकन ।

## ११. लघु पुंजी अनुदानको संस्थाको क्षमता लागि मापन (Capacity Assessment Framework for MCG)

समुदायमा आधारित संस्था(अनुदानग्राही) हरूले देहाय बमोजिमकामापदण्डहरु पूरागरेको हुनुपर्नेछ।

| मापनका क्षेत्रहरु | मापनको विवरण | सम्बन्धित कागजात |
|---|---|---|
| क.संस्थाको वैधानिकता | १. समाज कल्याण परिषद, जिल्ला प्रशासन कार्यालय, नगरपालिका, कृषि विकास कार्यालय वा अन्य निकायमा दर्ता भई विभिन्न दातृ निकायहरुबाट अनुदान प्राप्त गर्ने कानुनी हैसियत भएको स्थानीय सामुदायिक संस्था ।<br>२. नियमित रुपमा आर्थिक लेखा परिक्षण सम्पन्न गरेको तथात्यसको प्रतिवेदन सम्बन्धित निकायमा पेश गरेको | • दर्ताको प्रमाण पत्र<br>• संस्थाको विधान<br>• संस्थाको प्रोफाईल<br>• PANमा दर्ता भएको प्रमाण ( सम्भव भएमा)<br>• लेखा परिक्षणको प्रतिवेदन |
| ख. अनुभव/ ऐतिहासिक पृष्ठभूमि | ३. संस्था दर्ता गरेको साल तथा सहयोगी निकाय र ऐतिहासिक पृष्ठभूमिको विवरण<br>४. दर्ता पश्चात संस्थाले सम्पन्न गरेका क्रियाकलापहरुको विवरण<br>५. नेपालमा, जिल्ला वा सामुदाय स्तरमा साना अनुदान वा लघु पुँजीगत अनुदान परिचालन वा कार्यान्वयन गरेको अनुभव ।<br>६. संस्थाको कार्यक्षेत्र र कार्यक्रमसंगको तारतम्यता | • वार्षिक प्रतिवेदनहरु<br>• संस्थागत चिनारी सम्बन्धिपुस्तिका र प्रकाशनहरु |
| ग. वितीय तथा लेखा व्यवश्थापन | ७. आर्थिक सम्पर्क ब्यक्ति भएको<br>८. संस्थाले बढीमा कति रकम बराबरको कार्यक्रम सञ्चालन गरेको छ ।<br>९. नियमित रुपमा आर्थिक लेखा परिक्षण सम्पन्न गरेको तथा त्यसको प्रतिवेदन सम्बन्धित निकायमा पेश गरेको<br>१०. संस्थाको आर्थिक कारोवार गर्न सक्ने तथा आर्थिक प्रतिवेदन तयार गर्न सक्ने क्षमता<br>११. पेश्की, नगद तथा जिन्सी सम्पत्तिहरुको सुचारु रुपमा ब्यवस्थापन गर्न सक्ने क्षमता<br>१२. नगद तथा जिन्सीको परिचालन गर्ने जिम्मेवारी, प्रकृया तथाअनुगमन गरिने संयन्त्र । | • आर्थिक/लेखा सम्वन्धि सम्पर्क ब्यक्तिको C.V.<br>• आर्थिक प्रतिवेदन, आय ब्ययको अभिलेख<br>• आयकर तिरेको वा छुटको प्रमाण तथा अघिल्लो बर्षको लेखा परिक्षण प्रतिवेदन<br>• बैङ्क खाताको विवरण वा सामुहिक बचत पास बुक भएसो को प्रतिलिपि । |
| घ. संस्थागत स्थानीय तथा वाहय सम्बन्ध | १३. विभिन्न सरोकारवालाहरू जस्तैः सरकारी निकाय, गाउँपालिका वा नगरपालिकाका साथै यूनडीपी वा अन्य निकायहरूको सहकार्यमा काम गरेको अनुभव ।<br>१४. सदस्यतामा आधारित संस्था हो ? | • स्थानीय निकाय वा अन्य दातृ निकायसंग गरेका सम्झौता पत्रहरु<br>• सम्वन्धित नगरपालिका वा गाउँपालिकाको सिफारिस |

| | | |
|---|---|---|
| | | • सम्बन्धित प्राविधिक निकायहरु (कृषि, पशु सेवा, वन, सिंचाई, समुदायिक वन कार्यालयको प्राविधिक सहयोग र सहकार्यसम्बधि सिफारिस । |
| **ङ. कार्यान्यवयनको लागि प्राविधिक क्षमता** | १५. जलवायुजन्य जोखिम व्यवस्थापन, आय आर्जन, जीविकोपार्जन प्रवर्द्धन्, वातावरणीय संरक्षण, बायो इन्जिनियरिङ्ग, क्षमता अभिवृद्धि सम्बन्धि क्रियाकलापहरू सञ्चालन गरेको अनुभव ।<br>१६. यस क्षेत्रसंग सम्वन्धित सूचना संकलन गर्न सक्ने तथा उपयुक्त मानवसंशाधन र श्रोतहरु परिचालन गर्न सक्ने क्षमता<br>१७. सङ्कटासन्न तथा विपन्न घरधुरी तथा समुदायको आवश्यकता सम्वोधन गर्न सक्ने<br>१८. पारदर्शि तथा प्रतिस्पर्धी तवरले सेवा तथा सामग्री खरीद गर्नसक्ने क्षमता | • संस्थामा रहेका प्राविधिक वा ब्यवस्थापकीय मानव श्रोतहरुको विवरण (संस्थागत प्रोफाईल)<br>• आवश्यकता पहिचान गरिएको प्रतिवेदन वा प्राविधिक प्रस्ताव तयार गर्न भेला भएका सदस्यहरुको उपस्थिति तथा निर्णयको प्रतिलिपि<br>• सेवाग्राहीहरुको विवरण |

## १२. प्रकाशन सम्बन्धी सर्वाधिकार (Copyright of Publications and Production of Materials)

यस सम्झौता तथाकार्यादेशअन्तर्गततयार गरिएका तथा छपाईएकासबै उत्पादन र प्रतिवेदनहरूको स्वामित्व संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम(UNDP) मा हुनेछ । अनुदानग्राही संस्थालेत्यसलाई कुनै पनिकिसिमलेपूर्ण वा आशिंक रुपमा प्रकाशनगर्नपाउनेअधिकार हुनेछैन । यस सम्झौता अन्तर्गतउत्पादन गरिएका कुनै पनि प्रतिवेदन/उत्पादनको मुखपृष्ठमा यू.एन.डी.पी. नेपालर नेपाल सरकारको नामतथा लोगो(प्रतीक चिन्ह) मात्र उल्लेख हुनेछ । अनुदानग्राही संस्थाको नाम र प्रतीक चिन्ह प्रतिवेदन/प्रगति विवरणको मुखपृष्ठमा प्रकाशित गरिनेछैन । त्यस्तो कृतज्ञता कुनै पनि प्रतिवेदन/प्रगति विवरणको भित्री पृष्ठमा उल्लेख गरिनेछ ।